दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



फ्याट भाडामा

बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.
९८५७०३६७४९, ९८४७०८२०२१



वर्ष ३६ | अंक २१३ | बुटवल | २०८१ साउन १५, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday July 30, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## कारागारमा उद्योग

# वार्षिक ८ करोडको कारोबार

**पहिले जेल पर्नेहरु जिन्दगी बर्बाद भयो भन्थे। अहिले कारागार उद्यम गर्ने र आम्दानी गर्ने थलो भएको गुल्मी कारागारले पुष्टी गरेको छ।**

**प्रेम सुनार**

*गुल्मी*

जेल अर्थात् कारागार भन्ने बित्तिकै कुनै अपराध कर्म गरेबापत प्रहरीको निगरानीमा थुनिएर बस्नुपर्ने थलोको रुपमा लिने आम धारणा छ, सत्य पनि त्यही हो । तर गुल्मी जिल्ला कारागारको दृश्य र त्यहाँ कैदी बन्दीले चलाएको बहु उत्पादन उद्योगले धेरैलाई आश्चर्य मात्रै बनाएको छैन, कारागारलाई कसरी उत्पादनशील र सिर्जनशील बनाउन सकिन्छ भन्ने गतिलो उदाहरण र प्रेरणा समेत दिएको छ ।

पहिले जेल पर्नेहरु जिन्दगी बर्बाद भयो भन्थे । अहिले कारागार उद्यम गर्ने र आम्दानी गर्ने थलो भएको गुल्मी कारागारले पुष्टी गरेको छ । कारागारभित्र पुग्दा सबै कैदी बन्दी काममा व्यस्त देखिन्छन् । काँडेतारभित्रको साँघुरो ठाउँका ती कैदी बन्दीहरुलाई काममा भ्याइनभ्याइ छ । त्यहाँ कुनै एउटा मात्रै उत्पादन छैन, बहु उत्पादन छ । वार्षिक कारोबारको तथ्याङ्क हेर्ने हो भने गुल्मी जिल्लाकै उत्कृष्ट औद्योगिक ग्रामका रुपमा विकास भएको छ ।

त्यो दृश्य देख्दा एउटा घरेलु उद्योगले वार्षिक कति कारोबार गर्ला ? उत्पादन र बजारीकरण कसरी गर्ला ? भन्ने प्रश्नको उत्तर भेटिन्छ ।

गुल्मी कारागारका कैदी बन्दीले चलाएको उद्योगले वार्षिक ८ करोडको कारोबार गरेको छ । कारागारका कैदी बन्दीले उत्पादन गरेका सामग्रीको बजार विस्तार दिनप्रतिदिन विस्तार भइरहेको छ ।

विशेषतः भक्तपुरे प्यागोडा शैलीको काष्ठकलाका सामग्री कारागारभित्र बन्दै आएका छन् । यहाँको स्थानीय सरकारले निर्माण गर्ने मठमन्दिर, प्यागोडा शैलीका भवनका झ्याल ढोका कारागार भित्र निर्मण गर्न जिम्मा दिँदै आएका छन् ।

काष्ठकला त्यसको माग र कारोबार हेर्ने हो भने गुल्मी जिल्लामा त्यति ठूलो फर्निचर उद्योग कतै देखिंदैन ।

त्यस कारागारभित्र जिल्लाभित्र बाहिर कुनै फर्निचरमा बन्न नसक्ने काष्ठ कला र विभिन्न हस्ताकला उत्पादन भइरहेका छन् । कुनै पनि उत्पादनलाई बजारको कमी छैन । जिल्लादेखि बाहिरसम्म माग थेग्न बन्दी कैदी श्रमिकहरुलाई मुस्कील परिरहेको छ । त्यस कारागारका चौकीदार हरि थापाका अनुसार रुरुक्षेत्र गाउँपालिकाले निर्माण गर्न लागेको प्यागोडा शैलीको मन्दिर, त्यस्तै रेसुङ्गा नगरपालिकाले वडा नम्बर ३ को भाडागाउँमा बनाएको मन्दिर, यसैपालिका तम्घासको सिद्धबाबा विद्यालय भवन, धुर्कोट गाउँपालिकाले वडा नम्बर ५ वस्तुमा बनाउने लागेको प्यागोडा शैलीको शैक्षिक संग्रहालय भवन, धार्मिक र पर्यटकीय क्षेत्र अर्जुन लेकको कलात्मक भवन त्यसै कारागारको फर्निचरमा निर्माणको जिम्मा दिइएको छ । पोखरासहित विभिन्न जिल्ला र स्थानीय सरकारले निर्माण गर्ने संरचनाको माग थेग्न गाह्रो भएको कारागार प्रमुख रेश्मीराज पन्थी बताउँछन् । उनका अनुसार मासिक ८० लाख बढीको कारोबार हुने र वार्षिक ८ करोड बढीको कारोबार हुने गरेको छ ।

**एउटै ढोकाको मूल्य १४ लाख**

त्यसभित्र बन्ने प्यागोडा शैलीको कलात्मक भक्तपुरे ढोकाको मूल्य १४ लाख पर्ने गरेको छ, र गत एक वर्षमा त्यस्ता ढोका २७ वटा बिक्री भएको चौकीदार थापा बताउँछन् ।

११६ जना कैदी बन्दी रहेका छन् । दुई जना नाबालक र दुई जना अपाङ्ग बाहेक अन्य सबैले राजगार पाएका छन् । अर्धदक्ष कामदारमध्ये न्यूनतम मासिक आठ हजारदेखि ३२ हजारसम्म तलब खाने दक्ष सिकर्मीहरु रहेका छन् । सदरमुकाम तम्घासका फर्निचरहरुले भक्तपुरे काष्ठकला निर्माणको जिम्मा दिन कारागारको फर्निचरमै आउने गरेका छन् । गुल्मी जिल्लाको फर्निचरसहितको उत्कृष्ट उद्योग ग्राम कारागारभित्रै रहेको कारगार प्रमुख पन्थीको दाबी छ ।





फर्निचरका बाहेक बाँसका विभिन्न हस्तकला, अन्य विभिन्न वस्तुका आकर्षक उपभोग्य र सजावटका सामग्रीहरु उत्पादन हुने गरेका छन् । महिलाहरुका पर्स, झोला, ढाका उद्योग र सिलाइ कटिङ्ग पनि हुने गरेको छ । कारागारले उद्योग ग्रामको रुप लिएको दुई वर्ष भयो । उद्योगलाई वृहत बनाउन र कारागार भित्रको भौतिक पूर्वाधार सुधार्न चौकीदार थापाको पनि महत्वपूर्ण भूमिका रहँदै आएको कारागार प्रमुख पन्थीको भनाइ छ । थापा अन्य जिल्लाको कारागारबाट आएको दुई वर्ष भयो । कारागार प्रमुख पन्थीका अनुसार केन्द्रीय कारागारपछि इलाम जिल्ला कारागार र गुल्मी जिल्ला कारागार उद्योग ग्रामका रुपमा देशकै नमूना कारागारमा पर्ने गरेका छन् ।

**५७ वर्षपछि कारागार सुधार**

गुल्मी जिल्ला कारागारलाई सुधार गृहका रुपमा विकास गर्न २०७९ सालमा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्न आएका सागरमणि पाठकले सुरु गरेका हुन् । अहिलेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले कारागार सुधारदेखि उद्योग ग्रामको विकासका लागि महत्वपूर्ण भूमिका खेलेको कारागार प्रमुख पन्थीले बताए ।

गुल्मी जिल्ला कारागारको क्षमता २५ जनाको हो तर कैदी बन्दीको संख्या अहिले ११६ जनाको छ । सुत्ने ठाउँ नहुँदा बन्दीहरुले निकै कष्ट भोगेका थिए । अघिल्लो वर्ष चिसो भुइँमा पातलो टिफम ओछ्याएर सुतेका हुन्थे । २०२४ सालमा टिनले छाएको कच्ची भवन अहिले ५७ वर्ष पुरानो भयो । जस्तापाता जीर्ण भइ पानी आउँदा चुहेर बेहाल हुन्थ्यो । अहिले ती जस्तापाता फालेर ढलान गरिएको छ । शौचालय, बाथरुप, भुइँमा कार्पेट, कोठै पिच्छे टेलिभिजन, तातो चिसो पानीको व्यवस्था र फिल्टर राखिएको छ । स्टोर भान्छा कोठाको सजावटदेखि हरेक प्रकारको सुविधा पनि सदरमुकामका मझौला खालका होटलमा भन्दा बढी उपलब्ध छ ।

## धारिलो हतियार प्रहारबाट युवकको हत्या




परासी । पश्चिम नवलपरासीमा धारिलो हतियार प्रहारबाट एक जना युवकको हत्या भएको छ ।

नवलपरासीको पाल्हिनन्दन गाउँपालिकाको वडा नं. ५ हर्दिमा धारिलो हतियार प्रहारबाट स्थानीय २० वर्षका सूर्यकुमार बढइको हत्या भएको प्रहरीले जानकारी दिएको छ ।

आफ्नै घरमा सुतिरहेको अवस्थामा घाँटीमा धारिलो हतियार प्रयोग गरी हत्या भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी रेशम बोहराले जानकारी दिए ।

सूर्यकुमार उमेश बढइको छोरा हुन् । सूर्यकुमारको शव पृथ्वी चन्द्र अस्पताल परासीमा पठाइ थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

हत्यामा संलग्न व्यक्ति अझै पत्ता नलागेको र खोजी कार्य भइरहेको डीएसपी बोहराले बताए ।

# जीबी राईसहित १८ जनालाई नेपाल फर्काउन निर्देशन



बुटवल । सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले सहकारीको रकम हिनामिना र अपचलनमा संलग्न भइ विदेश फरार भएकाहरूलाई स्वदेश फर्काउन गृहमन्त्रीलाई निर्देशन दिएको छ ।

सोमबार बसेको समितिको बैठकले गृहमन्त्री रमेश लेखक तथा गृहसचिव एकनारायण अर्यालसँग छलफल गरेपछि देशबाहिर फरार भएका जीबी राईसहित १८ जना सहरकारी ठगीमा संलग्न भइ विदेशमा रहेकालाई स्वदेश फर्काउने व्यवस्था गर्न निर्देशन दिएको हो ।

बैठकपछि सञ्चारकर्मीहरूलाई जानकारी दिँदै समिति सभापति सूर्यबहादुर थापा क्षेत्रीले सहकारीको रकम अपचलनमा मुछिएका १८ जनालाई खोज्न, स्वदेश फर्काउन र छानबिन प्रक्रियामा सघाउन गृहमन्त्रीलाई निर्देशन दिएको बताए । विदेश फरार रहेका व्यक्तिहरू संलग्न रहेका सहकारीहरू अनुसन्धानको अनुसूची १ र २ मा छानबिनको दायरामा रहे पनि विदेशमा रहेकाले सरकारले तत्काल छानबिनको दायरामा ल्याउन निर्देशन दिएको उनले जानकारी दिए ।

'सहकारी पीडितहरुले बचत अपचलन दुरुपयोग र ठगी गरेको भनेर गुनासो गरेका १८ जना व्यक्तिहरू विदेशमा रहेको र संसदमा पनि कुरा उठ्ने गरेको छ । विदेशमा रहेका व्यक्तिहरु संलग्न रहेका सहकारीहरु अनुसन्धानको अनुसूची १ र २ मा छानबिनको दायरामा रहेको छ,' थापाले भने-'यो सन्दर्भलाई विचार गरेर समितिले गृहमन्त्रीलाई आमन्त्रित गरेर आग्रह गरेको छ । उनीहरूलाई समितिको छानबिनको निम्ति देशभित्र ल्याउने वातावरण बनाइदिनुस् भनेका छौं । देशभित्र ल्याइदिनुस् । उनीहरूलाई नेपाल ल्याएर सोधपुछ गर्न जरुरी भयो ।'

बचतकर्ताहरूको बचत दुरुपयोग गरेको बचत फिर्ताको सन्दर्भमा समितिले सोधपुछ गर्न आवश्यक भएको उनले जानकारी दिए ।

साना पाइला, सहारा, सूर्यदर्शन, स्वर्णलक्ष्मी, हाम्रो नयाँ कृषि, सुप्रिम र समानता सहकारीको बचत दुरुपयोग सम्बन्धमा छानबिनको दायरामा रहेका जीबी राई, सुमेरु र कालीमाटी सहकारीका भरत महर्जन, राजमाया महर्जन, सचिन महर्जन र सरला महर्जन, सूर्यदर्शनका अध्यक्ष भइसकेका ज्ञानबहादुर बम्जन, थानबहादुर बुढा मगर, शिवशिखर सहकारीका भूपेन्द्र राई, तेजबहादुर बम्जन तामाङ र लिलानाथ गौतम, इमेज सहकारीका देवकुमार नेपाली, छेदा नेपाली र दीपक पौडेल, साना पाइलाका तस्विरण खातुन र असरफ अली, सहारा बचत तथा ऋण सहकारी र सुप्रिम सुवास के.सी, कान्तिपुर सहकारीका प्रेमध्वज लामा, मेगाडिम सहकारीका महाशंकर रेग्मीलाई नेपाल फर्काउन गृहमन्त्रीलाई आग्रह गरिएको उनले जानकारी दिए ।

अमेरिका, बेलायत, मेलेसिया, युरोपलगायत भारत र कतिको अवस्था अज्ञात रहेको पनि उनले बताए ।




## सम्पादकीय

### नगर प्रमुखका नाममा बजेट

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले आब २०८०/०८१ मा विभिन्न शीर्षकमा विभिन्न संघसंस्था र नगरप्रमुख कार्यक्रमका नाममा ८ करोड रुपैयाँ बाँडेका छन् । अबण्डा बजेट राखेर आफू अनुकुलको व्यक्ति र संस्थालाई रकम बाँडिएको छ, कतिपय शीर्षकमा रकम राखेर नगरप्रमुखलाई ब्राण्डिङ गर्न खोजिएको छ । यसरी रकम बाँडनु विधि र कानुनसम्मत होइन्, यस्तो गर्नु कानुनको उल्लंघन भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ध्यानाकर्षण गराइसकेको छ ।

प्रमुख पाण्डेले विभिन्न १६ वटा कार्यक्रम र उपक्षेत्रका नाममा रकम बाँडेका छन् । बाँडिएको रकममध्ये कतिपय आन्तरिक स्रोतको छ भने कतिपय संघीय सरकारबाट समानीकरण अनुदानबाट प्राप्त भएको बजेटबाट बाँडिएको छ । बाँडिएको रकममध्ये ९० लाख रुपैयाँ विभिन्न सञ्चार सम्बद्ध संस्था र सञ्चार गृहलाई दिइएको छ । सञ्चार सम्बद्ध संस्था र गृहलाई विधि र प्रक्रियाअनुसार दिनुको साटो आफ्नो मनोमानीले निर्णय गर्नुको अर्थ हो, कुनै पनि ढंगले आलोचना बन्द होस् भन्ने हो । तहगत सरकार सञ्चार संस्था र पत्रकारको सहयोगी बन्ने, उनीहरुको व्यवसायिक विकासमा टेवा पुर्‍याउने काम सकारात्मक नै हो, तर राज्यस्रोतको दोहन हुने गरी मनपरी बाँड्ने र आफूप्रति आश्रित गराएर प्रेसलाई 'वाच डग'को भूमिकाबाट अलग गर्न खोज्नु किमार्थ उचित होइन । नगरप्रमुख कार्यक्रम शीर्षक दिएर बजेट बाँडेर समग्र प्रणालीलाई निषेध गर्न खोजिएको छ । उप-महागरपालिकाको संस्थागत स्वरुप बलियो बनाउनेभन्दा नगरप्रमुखलाई ब्राण्डिङ गर्ने काम भएको छ । राम्रो काम गरे नगरवासीले आफैँ ब्राण्डिङ गर्छन्, नगरप्रमुख कार्यक्रमका नाममा रकम बाँड्नु पर्दैन ।

नगरवासीले तिरेको करको खर्च पारदर्शी ढंगले हुनुपर्छ । जनप्रतिनिधिले मनपरी गर्नका लागि नगरवासीले कर तिरेका होइनन् । संघीय सरकार र प्रदेश सरकारले दिने अनुदान घटिरहेको बेला खर्चमा मितव्ययी हुनुपर्ने बाध्यता छ । अनुदानको बजेट नतिजामुखी कार्यक्रममा खर्च गर्नुको साटो प्रमुखले बाँड्नका लागि वा प्रमुखका लागि रकम खर्च गर्न पटक्कै होइन । अरु पालिका बुटवल उप-महानगरपालिकाले गरेको यस्तो गलत क्रियाकलापबाट बँचुन् । अख्तियारको निर्देशन र महालेखापरीक्षकको प्रतिवेदनले औँल्याएका विषयलाई ख्याल गर्दै पारदर्शी बन्ने बाटो अगाल्दा जनप्रतिनिधिलाई नागरिकले स्वतः ब्राण्डिङ गर्छन् ।

## नेप्से २०.४६ अंकले घट्यो



काठमाडौँ । लगातारको वृद्धिमा ब्रेक लाग्दै सोमबार नेप्से सूचक २०.४६ अंकले घटेको छ। खासगरी नयाँ सरकार परिवर्तन र मौद्रिक नीतिपछि एकाएक ६ सय अंकमाथिले बढेको सेयर बजारमा अधिकांश लगानीकर्ताहरूले नाफा बुक गर्न लाग्दा सोमबार नेप्से सूचक ०.७६ प्रतिशतले घट्दै २६६१.०९ विन्दुमा पुगेको हो ।

जसको कारण सोमबार १९ अर्ब ६० करोड ९१ लाख रुपैयाँ बराबरको ४ करोड ७७ लाख ९० हजार कित्ता सेयर दोस्रो बजारमा कारोबार भएको छ ।

सबैभन्दा बढी शिभम् सिमेन्टको ६१ करोड १२ लाख ८६ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ भने सोमबार दोस्रो र तेस्रोमा कुमारी बैंकको ५५ करोड २२ लाख ७६ हजार रुपैयाँ र नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको ३९ करोड १८ लाख १९ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ ।

सोमबार ७० कम्पनीको सेयर मूल्य बढ्दा १६८ कम्पनीको मूल्य घट्न पुगेको छ । बाँकी ४ वटा कम्पनीको सेयर मूल्य भने स्थिर रहेको नेपाल स्टक एक्सचेञ्जले जनाएको छ ।

१३ वटा उपसूचकमध्ये सोमबार फाइनान्स समूहको उपसूचक १.८८ प्रतिशतले र हाइड्रोपावर समूहको उपसूचक ०.८१ प्रतिशतले बढेको छ भने बाँकी ११ वटा उपसूचक ऋणात्मक भएका छन् । सबैभन्दा बढी सोमबार ट्रेडिङ समूहको उपसूचक ४.५४ प्रतिशतले ऋणात्मक हुनपुगेको छ ।

# 'डोजर संस्कृति'ले निम्त्याएको पहिरो र विनाश





सुशीला कार्की

*'नेपालको धन हरियो वन' भन्ने वाक्यांश बालक कालदेखि सुन्दै र घोक्दै आएका थियौँ । अहिले नेपालको हरियो वन जोखिममा छ । भूमाफीया, काठ तस्कर, रोजगारी र आयस्रोतको अभावमा वन जंगलको दोहनबाट कमाइ खाने आधार बनाउन बाध्य हुने चोर सिकारीहरूबाट नेपालको वन आक्रान्त छ ।*

प्रकृति संसारका सबै प्राणीको जननी हो भने प्रकृतिले नै मानव सभ्यताको विकास गराएको हो । संसारमा बनेका मानव अधिकारसम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनहरू जति पनि छन् तिनको पाठ मानव जातिलाई प्रकृतिले नै सिकाएको हो जसलाई आधुनिक संसारमा प्राकृतिक न्यायको सिद्धान्त भनी व्याख्या गरिन्छ ।

समानता र स्वतन्त्रताको अधिकार, मानव जातिको बाँच्न पाउने अधिकार, खाद्य भोजनको अधिकार, एक स्थानबाट अर्को स्थानमा घुम्न र विचरण गर्न पाउने अधिकार, वाक प्रकाशन स्वतन्त्रताको अधिकार, गास, बास, कपासको अधिकार यी सबै अधिकारहरूको स्थापनाको प्रेरक प्रकृति नै हो ।

प्रकृतिको सेरोफेरोमा मानव जातिलगायत संसारका सबै किसिमका प्राणीहरू, जीवजन्तुहरू, रुख, बोटविरुवा, नदीनाला, पहाड, हिम शृंखला, माटो, पानी, हावा, समुद्रहरू पर्छन् । यी सबै प्रकृतिकै अववय हुन् । यिनैले मानव जातिलाई शिक्षा पनि दिँदै आएका छन् । प्रकृति विनाश हुँदा निश्चय नै मानव जातिको समाप्ति हुनेछ । प्रकृतिले नै मानव जातिको असाध्य रोग व्याधिमा औषध प्रदान गर्ने गरेको हुन्छ ।

संसारमा सबैभन्दा धेरै बुद्धि विवेक भएको प्राणी मानव जातिलगायत जलचर, थलचर, निशाचर जीवजन्तुहरू, रुखबिरुवाहरू सबै प्राण धारण गर्ने सजीव प्राणीलाई बाँच्ने अधिकार हुन्छ नै । यो प्रकृतिले नै बनाएको नियम हो । मानव सभ्यताको विकास सँगसँगै तीव्र बुद्धिको विकास भएको मानव जातिले दमन आफ्नो स्वार्थका निम्ति अन्य सबै प्राणीमाथि चरम शोषण, गर्ने गरेको छ । विकासका नाममा मानिसले प्राकृतिक स्रोतहरूको डरलाग्दो दोहन गर्दै आएको छ ।

प्रकृतिले जंगली जीवहरू, विविध पन्छीहरू, फलफूल, औषधिमूलोका बोटविरुवा फस्टाएका वा रमाएर बाँचेका स्वर्गजस्तो देखिने सुन्दर र घना जंगलको रचना गरेको छ । मानव जातिले भने धन आर्जन गर्ने स्वार्थका निम्ति तिनलाई क्षति पुर्‍याउने गरेको छ । फलस्वरूप तिनको दिनानुदिन लोप हुँदै गएको छ ।

यसरी प्राकृतिक जंगलहरूविरुद्ध अतिक्रमण हुँदा जंगलको जैविक विविधतासँगै त्यहाँ हुर्किने प्राणीहरू वा तिनको बसोबासको आधारसमेत समाप्त हुने क्रममा छ । प्रकृतिले रचेको कतिपय सुन्दर प्राणीहरूको नस्ल/जाति/प्रजाति नै पूर्णतः लोप भएर गएको छ ।

त्यसैले प्रकृतिका कैयौँ सुन्दर सृष्टिको अस्तित्व नै विलुप्त भएको छ । मानव जातिले ती प्राणीहरूको वा

सस्थानमै प्रहार गरेपछि तिनले आफ्नो प्राण जोगाउन वा आफूलाई बचाउने क्रममा कतिपय उजाडिएको जंगलको भू-भाग छाडेर शहरभित्र पस्न बाध्य भएका वा मारिएका पनि देखिएको छ ।

विसं २०३६ सालमा जनमत संग्रहताका तत्कालीन पञ्चायती शासकले सत्ता जोगाउन जंगल नराम्रोसँग मासे । तराईका चारकोसे झाडी मासिएपछि जीवजन्तुहरूको बसोबासका पोथरासमेत रहेनन् । जंगल मासिँदा निलगाईहरू भागेर विराटनगर बजारसम्म आइपुगेको देखिएको थियो । त्यतिबेला बस, गाडीहरूसँग सडकमा ठोक्किएर मरेको वा घाइते भएको पनि देखिन्थ्यो ।

जंगलमा आगो लाग्दा वा कटानी फडानी हुँदा जंगली पन्छीहरूका बचरा र हिँड्न दौड्न नसक्ने अरू जीवजन्तुहरू र तिनका सन्तानको बिजोग देख्न बाध्य हुनुपर्छ । मानिसको स्वभाव पनि जब क्रूर भइदिन्छ, तब प्राणीहरूले बाँच्ने आधार खोजेको बखत चेतनाको अभावमा उल्टै लखेटेर कुटीकुटी हत्या गरेको देखन्छ । बाघ, चितुवा, बनेल, मृगलगायत जंगली प्राणीहरू खेतमा चर्न आउने वा शहर बजारमा प्रवेश मान्छेमाथि हमला गर्ने कारण या त वन जंगलको क्षय हो वा तिनको बसोवासको स्थानमा अतिक्रमण हुनु नै हो ।

'नेपालको धन हरियो वन' भन्ने वाक्यांश बालक कालदेखि सुन्दै र घोक्दै आएका थियौँ । अहिले नेपालको हरियो वन जोखिममा छ । भूमाफीया, काठ तस्कर, रोजगारी र आयस्रोतको अभावमा वन जंगलको दोहनबाट कमाइ खाने आधार बनाउन बाध्य हुने चोर सिकारीहरूबाट नेपालको वन आक्रान्त छ ।

हाल जंगल जे जति बचेको छ त्यो पनि छ्याङ्गै वारपार देखिने गरी पातलिएका छन् । बहुदल आएपछि सुकुम्बासीहरूलाई बसोबासका निम्ति जग्गा वितरण गरी घरजम गराउने योजनाको अभियानमा पञ्चायतकालीन समयको तुलनामा बढी तीब्रता देखिन्छ ।

लिखित योजनामा सुकुमवासीहरूलाई बसोबासका निम्ति जमिन उपलब्ध गराउने एकमात्र उद्देश्य भएको भनिए पनि व्यवहारमा मन्त्री पदको भागबण्डा पुर्‍याउन नसक्दा दलीय नेताको चित्त बुझाउने गरी झारा टार्ने र आयोगको अध्यक्ष बनाइ कमाइ खाने भाँडो बनाइएका मात्र हुन् ।

सत्तामा रहेका दलले राज्यको स्रोतको वितरण गर्दा जुनसुकै प्रकृतिको स्रोत भए पनि आफ्नो दलका कार्यकर्ता रिझाउने गरी भागबन्डा लगाउने कार्यबाहेक आजसम्म वास्तविक सुकुम्बासीलाई बिरलै वितरण भएको होला । तसर्थ, सुकुम्बासीहरूको नाममा वितरण भएका त्यस्ता जग्गा जमिन शुद्ध सुकुम्बासीको नभएर हुकुमबासीको कब्जा गएको देखिएको छ । कतिपय अवस्थामा वास्तविक सुकुम्बासीका नाममा जग्गा वितरण नभएर सुटुक्क हुने खानेवर्गलाई नै बिक्री गरेकोसम्म सुनिएको पनि छ । यसरी अर्कोतर्फ सुकुम्बासीको नाममा खोलाका बगर, किनारमात्र नभएर खोला नै बिक्री गरिन्छन् । यसले गर्दा नदीको मुहान थुनिएको वा स्वयम् नदी खोलाहरू विलुप्त हुँदा वर्षा याममा ती स्थानमा पानी बगेर बाढी र पहिरोको मार जनताले भोग्नुपरेको छ । यही बेथितिले गर्दा सम्पूर्ण परिवारै पहिरोमा पुरिएर मारिएका समाचार लगातार आइरहेका छन् ।

सार्वजनिक भूमि र सरकारी स्वामित्वका जग्गा जमिनको अतिरिक्त परोपकारी संघसंस्था, स्कुल मठमन्दिरका जग्गाजमिन बहुदल प्राप्तिपछि हुनेखाने धनीमानी उद्योगी व्यापारीलाई सरकारमा हुनेहरूले या त बिक्री गरेको देखिएको छ नभए गैरकानुनीरूपमा लामो अवधिसम्मका लागि भोगाधिकार दिएको देखिएको छ । साविकदेखिको कानुनले त्यस्ता जग्गा जमिनहरूलाई बिक्री हुनबाट प्रतिबन्ध लगाएकोमा आजभोलि कानुन नै संशोधन गरी त्यस्ता बिक्रीबट्टा र वितरणलाई कानुनी बनाउने प्रयाससमेत भएको देखिएको छ ।

पहाडी भू-भाग बगेर जनधनको ठूलो क्षति बराबर भइरहेका छन् । यसको मूलकारण हो, 'डोजर संस्कृति'को विकास हुनु । स्थानीय तहका प्रतिनिधिहरू स्वयंले निजी प्रयोजन र व्यवसाय गर्न भनी गाउँगाउँमा डोजर खरिद गरी बाटो बनाउने ठेक्कापट्टाले उग्ररूप लिनु हो । अनि पहाड मासेर खुर्केर बिक्री गर्ने, जग्गाको प्लटिङ्ग गरी डोजरले सम्याएर बेच्ने कारोबार मौलाएको छ ।

फेरि संघको सत्तामा रहेको दलका सम्बन्धित कार्यकर्ताले स्थानीय सरकारमा बसेर यस्ता गैरकानुनी काम गरेको रहेछ भने त आफ्नो कार्यकर्ताले गरेको सात खुन पनि माफ गर्ने चलन छ । त्यसमाथि पद र पैसाको भागबन्डाको संस्कृतिको विकास मुलुकमा व्यापक भएको हुँदा सबै तैँ चुप मै चुप हुन्छन् । फलस्वरूप जत्तिकै अपराध वा राष्ट्रिय सम्पदा, सार्वजनिक भूमि, सरकारी वनजंगल मास्ने गरी क्षति र नोक्सान गरे गराए पनि कोही त्यसबारेमा प्रतिक्रिया जनाउने र टीकाटीप्पणी गर्ने गर्दैनन् । सबैको मुख नगद नारायणले टालिएपछि कसले के बोल्ने ?

नेपालमा भूमि उपयोग गर्न भूमिसम्बन्धी ऐन, २०२१, भूमिसम्बन्धी नियमावली, २०७७, जग्गा प्राप्तिसम्बन्धी ऐन, २०३४ सोको नियम २०२६ पनि प्रचलित छन् । वन जंगल मस्योट गर्न हुने नहुनेसम्बन्धी विषयमा वनसम्बन्धी ऐन, २०७६, वनसम्बन्धी नियमावली, २०८० लगायत कानुन र नियमहरू छन् ।

त्यसैगरी भूमिको प्रयोग गरिँदा, वन जंगललाई मास्ने विषयका सबन्धमा वातावरण संरक्षण ऐन, २०७६ र त्यसको नियमावली, २०७७ ले भूमिको प्रयोग गर्दा वातावरण प्रभाव मूल्याङ्कन (इआइए) गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । यी कानुनहरू साविकदेखिको प्रचलनमा रहेका र पटकपटक संशोधन हुँदै आएका छन् ।

नेपालको समस्या भनेको वातावरणसम्बन्धी कार्य वा निर्माण हुँदा कानुनको आधार नलिनु पनि एउटा हो । सरकारमा रहेका उच्चपदस्थहरूदेखि टाठाबाठा मानिसहरूले आफूखुसी सार्वजनिक जग्गा जमिनको दोहन गर्दा त्यस्तो गैरकानुनी कार्यलाई निषेध गर्ने कोही छैनन् । सबै टाठाबाठा मानिसहरू जो शक्तिशाली दलहरूको निकट छन्, उनीहरूकै मनमर्जी चलेको छ ।

काठमाडौंकै कुरा गरौँ, कतिपय स्थानमा जहाँ बसोबास नहुनुपर्ने हो त्यस्ता जोखिमपूर्ण क्षेत्रहरूमा पनि बसोबास गराइएका छन् । कतिको घरहरू पहाडको टाकुरामा बनेका छन् । त्यस्तो स्थानमा पनि तल तल जमिन हुनेहरूले माथि अवस्थित घरहरूलाई असर पर्ने गरी डोजर लगाई खन्ने भत्काउने सम्याउने गरेको देखिन्छ ।

त्यस्तो जोखिमपूर्ण कार्य हुँदा पनि सम्बन्धित निकायले कुनै चासो राखेको देखिँदैन । नक्सा पास गर्ने नगरपालिकाहरूले जस्तै जोखिमयुक्त स्थानमा पनि पास गरिदिएको हुन्छ । काठमाडौंमा नै कति घरहरू पहाडका पहरा भित्तामा झोलुङ्गामा झुन्डिएसरह बनाइएका छन् । आवासीय क्षेत्रको प्लटिङ्गका नाममा जत्तातत्तै सरकारी स्वामित्वका जग्गा जमिन, जंगलहरू फडानी गरी भूमाफियाहरूको चलखेलमा परेको देखिन्छ ।

प्रष्ट छ यो गर्ने गराउनेहरू तिनै भूमाफिया हुन् जो प्रभावशाली राजनीतिक व्यक्तित्वहरूको निकटतम भइ कार्यरत छन् । वर्षा महिनामा सामान्यतः एकाध स्थानमा भूस्खलन हुनु स्वाभाविकै हो तर मुलुकभर जतातत्तै पहिरो गएर जनधनको क्षति अस्वाभाविकरूपमा भइरहेको छ । यसरी जनसाधारणको ज्यान यसरी जोखिममा पर्नुको कारण डोजरको प्रकोप, पहाडी क्षेत्रमा डाडाकाँडा मासेर माटो बिक्री गर्नु, जग्गाको अस्वभाविक प्लटिङ्ग, वनजंगलको नाश र दोहन, वातावरणीय प्रभावको मूल्याङ्कन नगरी जतातत्तै अनावश्यक बाटोघाटो र ठूला संरचना निर्माण हो ।

मुलुकको भूमिमा तीन खण्ड पहाड र एक भाग समतल भूमि छ, अनि ती पहाड पनि नयाँ र कच्चा पहाडहरू छन् । त्यसमा पनि काठमाडौंबाट तराईतिर जाने बाटोमा यति धेरै यातायातको चाप छ कि बस, कार, मोटर साइकल र सामान ओसार्ने ठूला र भारी मालवाहक ट्रकहरूको ओहोरदोहोरले बाटोमा निकास पाउन नै कठिन हुन्छ । बाटोको किनारमा जोडिएका पहाड र त्यसका भित्ता अहोरात्रको सवारी साधनको दोहोरो यातायातको चापबाट थर्किनु अनि भूखस्लन हुनु स्वाभाविक हो । किनभने त्यहाँ हिँड्ने त्यस्ता अधिक संख्याका यातायातका साधनहरूले गर्दा एक प्रकारले प्रत्येक मिनेट र सेकेन्डमा दुईचार रेक्टर स्केलको भूकम्पसरह थर्काउने काम सधैँ हुन्छ ।

तसर्थ, असार २८ गते चितवनको सिमलताल क्षेत्रमा त्रिशुलीमा खसेको दुई बसका ६५ जना यात्रुहरूको अकाल मृत्य हुन पुगेको पनि हो । यसको मूलकारण हो राजधानी आउनेजाने निकासका निम्ति एउटै बाटोको भर पर्नु र समयमा अन्य बाटोको निर्माणमा मौकामा नै ध्यान नपुर्‍याउनु । यसरी पहाडी भागहरूमा घरमा सुतेका, बास बसेका मानिसहरूको सम्पूर्ण परिवार नै पहिरोमा परी बगेको दुर्घटनामा व्यपकता आएको छ । पहिले पहिले हाम्रा वनजंगल मासिएका थिएनन् । यत्रतत्र माटो खन्ने खोस्रिने काम पनि भएका थिएनन् । तसर्थ, पहाडमा सेवारत पुराना कर्मचारीहरूका अनुभवमा पहाडहरूको टाकुरामा पानी पर्दा तल मुनिको भागमा बगेको खोलसम्ममा वर्षाले बाढीको रूप लिँदा धेरै समय लाग्ने गरेको देखिन्थ्यो ।

त्यसका कारण पहाडहरूमा घना जंगल र बुट्यान झाडीहरूले भरिएको हुँदा ती सबैले सिञ्चन गरी पानी तलसम्म आउँदा समय लाग्ने गरेको हुनुपर्छ । तर, अब जंगल मासिएको हुँदा र पहाडहरू नाङ्गो हुनजानुको साथै धेरै स्थानमा पहिरो गएको हुँदा नाङ्गाडाँडामा वर्षाको पानी नरोक्किएर विशाल बाढी आउनु, भूखस्लन हुनु, पहिरो जानु स्वाभाविक नै हो ।

यसर्थ, नेपालको भौगोलिक बनोटको आधारमा विकास गर्नुपर्छ । विकासका नाममा विनाश हुने गरी व्यक्तिगत तौरमा ठेकेदार, भूमाफिया, वनतस्कर, धनका निम्ति मरिमेट्ने इमान नभएका उद्योगपति र व्यापारी र भ्रष्ट कर्मचारीलाई लाभ हुनेगरी कुनै कुराको योजना तर्जुमा र निर्माण गर्नु मुलुकको दुर्भाग्य हुनजान्छ । बाह्रखरीबाट

(लेखक पूर्व प्रधानन्यायाधीश हुन् )

# वर्षाले घर क्षती भएकालाई पाँच हजार

**गौरीशंकर जयसवाल**

*परासी*

रामग्राम नगरपालिकाले वर्षाको कारण घरलाई क्षती पुराएकालाई राहत दिने भएको छ। नगरपालिकाले रूपमा क्षती भएको घरलाई ५ हजारको दर राहत दिने भएको हो। सोमबार बसेको नगरमा नगरस्तरीय विपद् व्यवस्थापन समितिले वर्षाको कारण घरलाई क्षति भएका घरपरिवारलाई राहत दिने निर्णय गरेको छ।

वर्षाको कारण घरलाई पूर्णरूपमा क्षती भएको र छत ढलेकोलाई टिन उपलब्ध गराउने रामग्राम नगरप्रमुख एवं नगरस्तरीय विपद् व्यवस्थापन समितिका संयोजक धनपत यादवले जानकारी दिए।

उनको अनुसार वर्षाको कारण घरलाई क्षती पुराएका घरपरिवारलाई ५ हजारको दरले राहत दिने निर्णय गरिएको हो । विपद् पूर्व तयारीको लागि विपद् सामग्री खरिद गर्ने नगरप्रमुख यादवले बताए । बैठकले डेंगु रोग अभियान सञ्चालन गर्ने निर्णय गरिएको, त्यसका लागि औषधि छर्ने र नगरमा खल्टाखुल्टिमा पानी जमेको स्थानमा सरसफाइ गर्ने विपद् व्यवस्थापन समितिका सदस्य सचिव सुमित्रा चौधरीले जानकारी दिइन। उनको अनुसार पालिकामा वर्षाको कारण घरलाई क्षती पुराएका ११ जनाको निवेदन परेकालाई राहत उपलब्ध गराईने बताइन।



# स्याङ्जामा ४६० उद्योग खारेज हुँदा ४३५ दर्ता

**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जामा आर्थिक वर्ष २०८०/०८१ मा ४ सय ६० घरेलु उद्योग खारेज हुँदा ४ सय ३५ उद्योग दर्ता भएका छन् । २२६ उद्योग र २३४ वाणिज्य गरी ४६० उद्योग खारेज भएका हुन् भने २५० उद्योग र १८४ वाणिज्य गरी ४ सय ३५ उद्योग दर्ता भएका हुन् ।

नयाँ दर्ता हुनेमा उत्पादनमूलक उद्योगमा २०, कृषि तथा वन पैदावरमा एक सय २४, सेवा मूलक उद्योगमा ६६, पर्यटनमा २७ र निर्माणमा १३ गरी ४३५ उद्योग रहेका छन् । खारेज हुने उद्योगमा बढि मात्रामा कृषिजन्य उत्पादनमुलक उद्योगहरु रहेको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाले जनाएको छ। "गएको वर्ष नयाँ दर्ता हुने उद्योगको तुलनामा खारेज हुने संख्यामा वृद्धि भएको छ," पर्यटन तथा घरेलु उद्योग कार्यालयका प्रमुख नारायण प्रसाद ढकालले भने-"देशमा बढ्दै गएको आर्थिक शिथिलतासँगै खारेज हुने उद्योगको संख्यामा वृद्धि भएको छ ।" अनुदान लिन र बिदेश जाने प्रयोजनाका लागि दर्ता भएका उद्योगहरु धमाधम खारेज भएको उनले बताए।

उद्योगतर्फ २ सय ५० नयाँ उद्योग दर्ता हुँदा झण्डै १२ सयले रोजगारी पाउने अवस्था सृजना हुन्छ भने वाणिजयतर्फ एक सय ८५ उद्योग दर्ता हुँदा ३ सय ५० जनाले रोजगारी पाउने कार्यालयको अनुमान छ।



त्यसैगरी खारेज भएका २२६ उद्योगबाट करिब एक हजारले रोजगारी गुमाउँदा वाणिजय तर्फ खारेज भएका २३४ उद्योगबाट झण्डै ४ सय ५० जनाले रोजगारी गुमाउँन बाध्य भएका छन्। पछिल्लो तथ्याङ्कअनुसार जिल्लामा वाणिज्य तर्फ ७ हजार ५ सय र उद्योगतर्फ ८ हजार ६ सय उद्योगमा झण्डै ४८ हजार महिला तथा पुरुषले रोजगार गर्दै आएका छन्।

नयाँ उद्योग दर्ताको तुलनामा खारेज हुनेको संख्यामा वृद्धि हुँदै जाँदा त्यसको प्रत्यक्ष असर राजश्व असुलीमा देखिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा ३५ लाख ५० हजार राजश्व असुली गरेको कार्यालयले अघिल्लो वर्ष ५३ लाख र आर्थिक वर्ष २०७८/०७९ मा ७३ लाख राजश्व असुली गरेको थियो।

"खास गरी स्थानीय तहले उपलब्ध गराउने अनुदान पाउँन अनिवार्य दर्ता भएका उद्योगहरुले खारेजीको निबेदन दिने गरेका छन् ," कार्यालयका योजना शाखा प्रमुख कृष्ण लम्सालले भने-"अनुदान लिन दर्ता भएका उद्योगले अनुदान लिएपछि खारेजीको निवेदन दिए ।" उनले थपे-"खारेज भएका केहि उद्योगमध्ये विदेश जानका लागि देखावटी दर्ता भएका उद्योग रहेका छन्।"

अघिल्लो वर्ष उद्योगतर्फ ५२६ र वाणिज्य तर्फ २८० गरी ८०६ उद्योग दर्ता भएकोमा २ सय ६५ उद्योग खारेजीमा परेका थिए । राजश्वमा ५० प्रतिशत छुट हुने भएपछि नयाँ दर्ता भएका अधिकांश उद्योग महिलाको नाउँमा दर्ता भएको कार्यालले जनाएको छ।

# भैँसीको व्यापारबाट वार्षिक ३५ लाखको कारोबार



घोराही (दाङ) । जिल्लाको गढवा गाउँपालिका-४ का ५६ वर्षीय महाबुव अली मुसलमानले भैँसीको व्यापार गर्न थालेको ३२ वर्ष भयो । उनले हरेक वर्ष घोराही उपमहानगरपालिका-१८ नवलपुरस्थित कटुवाखोला किनारमा बिक्रीका लागि भैँसी ल्याउने गर्दछन्।

हरेक वर्ष जेठदेखि कार्तिकसम्म यहाँ भैँसी बिक्री गर्न आउने गरेको मुसलमानले बताए । "लामो समयदेखि भैँसी पालनसँगै व्यापार पनि गर्दै आएको छु। अहिले वार्षिक रु ३० देखि ३५ लाखसम्म आम्दानी हुन्छ", उनले भने-"घरमा पनि सधैँ दुई/चारवटा भैँसी भइरहने भएकाले दूध, दही बिक्रीबाट पनि आर्यआर्जनमा सहयोग पुगेको छ।"

देउखुरी क्षेत्रबाट आफूसहित अन्य व्यापारीले पनि यहाँ दुहुना भैँसी बिक्रीका लागि ल्याउने गरेका मुसलमानले जानकारी दिए । कटुवा खोलाबाट रु एक सय प्रतिलिटरका दरले दैनिक दूधसमेत बिक्री गर्ने गरेको उनले बताए। अन्य समयमा भन्दा असार, साउनमा बढी भैँसी बिक्री हुँदै आएको मुसलमानको भनाइ छ। "यो वर्ष १२ वटा भैँसी बिक्री भइसकेका छन्", उनले भने-"यहाँ ल्याइएका भैँसी बिक्री गरेर सकियो भने फेरि देउखुरी लिन जाने गर्छौं। बुबाबाजेले गर्दै आएको भैँसीपालन पेसालाई निरन्तरता दिँदै आएका हौँ।"

मुसलमानले एउटा भैँसीको रु ६० हजारदेखि रु दुई लाखसम्म पर्ने बताए । उनका अनुसार कटुवाखोला किनारमा भैँसी किन्न दाङका साथै रोल्पा, प्यूठान, सल्ल्यान, रुकुमलगायत जिल्लाबाट ग्राहक आउने गरेका छन् । वार्षिक रु ३० देखि ३५ लाखसम्मको कारोबार हुने गरेको बताउँदै उनले सबै खर्च कटाएर रु पाँच लाख बढी आम्दानी हुने गरेको जानकारी दिए।

घरका अन्य सदस्यले घरपालुवा पशुको हेरचाह गर्ने मुसलमानको भनाइ छ। उनले छ महिना घरबाट र छ महिना घोराहीमा आएर भैँसी बेच्ने गर्ने गरेको सुनाए । दाङको गढवा गाउँपालिका-४ बाट मात्रै अहिले २० जनाबढी व्यापारी घोराही आएर भैँसीको व्यापार गर्छन् । मुसलमानले 'रोशनी पशु खरिद बिक्री केन्द्र तथा पशु फार्म' दर्ता गरी भैँसीको व्यवसायिक व्यापार गर्दै आएका छन् । लामो समयदेखि पशुपालन क्षेत्रमा लागेका उनले आयआर्जन राम्रो हुँदै गएको बताए । देउखुरी क्षेत्रको राजपुर, राप्ती, गढवालगायत क्षेत्रका अधिकांश किसानले व्यवसायिक रुपमा भैँसीपालन गर्दै आएका छन्।

# उर्वरको रक्तदानमा ३२ युनिट रगत संकलन



बुटवल । बुटवल उप-महानगरपालिका ६ चाँदबारीमा रहेको उर्वर बचत तथा ऋण सहकारी संस्थाले सोमबार गरेको रक्तदान कार्यक्रममा ३२ युनिट रगत सङ्कलन भएको छ।

सहकारीले वार्षिक रूपमा गर्दै आएको रक्तदान यो पटक साउनमा परेकोले केही थोरै युनिट रगत सङ्कलन भएको सहकारीले जनाएको छ। रक्त सञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रमको उद्घाटनको अवसरमा बोल्दै नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय महासचिव कृष्ण चौहान क्षेत्रीले अब अरूको लागि रक्तदान गर्नुभन्दा पनि आफ्नो लागि रक्तदान आवश्यक रहेको बताए।

उनले नियमित रक्तदानका धेरै फाइदाहरू रहेको बताउँदै रगतबाट सर्ने खालका रोगहरू भए नभएको पुष्टि समेत निःशुल्क रूपमा हुने गरेको बताउँदै स्वस्थ्य मानिसले नियमित रक्तदान गर्न आग्रह गरे । कार्यक्रममा रक्त सञ्चार केन्द्र बुटवलका प्राविधिक नीराजन राज भण्डारीले नियमित रक्तदानले बुटवलमा रगत अभाव हुन नपाएको भन्दै वार्षिक हुने कार्यक्रमहरूलाई चौमासिक गर्न सुझाव दिए।

सहकारीका सचिव एवं कार्यक्रम संयोजक माया क्षेत्रीले साउन महिना तथा पदाधिकारीहरू बाहिर भएको अवस्थामा समेत कार्यक्रमलाई निरन्तरता प्रदान गर्न रक्तदान आयोजना गरिएको बताइन्। कार्यक्रममा सहकारीका पूर्व अध्यक्षहरू सालिकराम बन्जाडे, रामप्रसाद आचार्य, सहकारी सञ्चालक समिति सदस्य अर्जुन आचार्यलगायतले बोलेका थिए।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०४/१४ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४६,६००
तेजावी सुन प्रति तोला : १,४५,९००
चांदी प्रति तोला :१,७८०

## बिमालेख हराएको सुचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८१।३।०९ गते रामग्राम वडा न १३ घर देखी परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम : दिल्ली राम अर्याल**
**ठेगाना : रामग्राम – १३ नवलपरासी**
**बिमालेख न :** २५११०१९९८
**मोबाईल :** ९८४७४२०१४८

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला मुसिकोट गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, मुसिकोट न.पा. वडा नं. ९, बस्ने श्री कृष्णनन्द न्यौपानेको नाति श्री खडानन्द न्यौपानेको छोरा श्रीमति पवित्रा न्यौपानेको श्रीमान बर्ष ८५ को श्री यम बहादुर ठकुरी भन्ने यमलाल न्यौपाने (नागरिकता नं. ४४ जि.प्र.का गुल्मी मिति २०४४/१०/०६ मा जारी) को मिति २०७८/०७/१५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४७९७ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री डिल्लीराज न्यौपाने ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री यम बहादुर ठकुरी भन्ने यमलाल न्यौपाने (नागरिकता नं. ४४ जि.प्र.का गुल्मी मिति २०४४/१०/०६ मा जारी) नामको खातामा यस बैंकमा रहेको
रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल NEPAL
**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## Madhyabindu Municipality

**Office of Municipal Executive**

**Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)**

**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication: 2024-7-30

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following goods.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 01/NCB/MB/ GOODS/ 2081/82 | Procurement of Tractors and Trolley for solid waste management | NCB-GOODS | 3000/– | 1,00,000.00 | 90 days/ 120 days after bid opening | 2024-08-29 12.00 | 2024-08-29 14.00 |

Chief Administrative Officer

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# विधिसम्मत खर्च भएको छः प्रवक्ता

बुटवल । बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले बुटवलका मेयरका नाममा बाँडिएको ८ करोड रुपैयाँ कानुन र विधिसम्मत भएको दाबी गरेका छन् । प्रवक्ता रानाले विज्ञप्ति निकाल्दै सार्वजनिक खरिद ऐन, नियमावलीलगायत प्रचलित कानुनअनुसार खर्च गरेको बताएका छन् ।

दैनिक लुम्बिनीमा साउन १४ गते प्रकाशित समाचार बुटवलका मेयरका नाममा बाँडियो ८ करोड भन्ने शीर्षक समाचारप्रति ध्यानाकर्षण जनाउँदै प्रवक्ता रानाले विज्ञप्ति निकालेका हुन् ।

हामीले नगर प्रमुखको नाममा ८ करोड बाँडिएको समाचारमा उल्लेख गरेका छौं । त्यसप्रति चर्चा गर्दै उनले नगरप्रमुख र उप-प्रमुख जोडिएका कार्यक्रम थप प्रभावकारी बनाउन चाहेको उल्लेख गरेका छन् । नगरप्रमुख नाममा बाँडिएको ८ करोडमध्ये कतिपय अबण्डामा रहेको बजेटबाट बाँडिएको र कतिपय विभिन्न शीर्षकमा राखेर विनियोजन गरेको तथा नगरसभाबाट पारित भएको बजेट हो ।

अबण्डामा राखिएको बजेटबाट प्रस्तावहरु आह्वान माग गर्ने र नतिजामुखीभन्दा आफूखुशी वितरण गर्नका लागि कार्यपालिकाबाट निर्णय गराएकोबारे विज्ञप्तिमा केही बोलिएको छैन । बरु समाचार तथ्यहिन र आचारसंहिता विपरीत भएको आरोपित गर्दै सञ्चारमाध्यमप्रति रोष व्यक्त गरिएको छ । अबण्डा बजेटबाट विभिन्न सञ्चार संस्थालाई वितरण गरेको बजेटका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेको विषयलाई विज्ञप्तिमा उल्लेख गरिएको छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अबण्डामा बजेट राखेर स्थानीय तहले मनोमानी वितरण गरेको र त्यसो गर्नु गलत भएको भन्दै २२ बुँदे निर्देशन जारी गरेको विषयमा पनि विज्ञप्ति मौन छ ।

महालेखा परीक्षकको कार्यालयका विगतका प्रतिवेदनमा पनि स्थानीय तहका थुप्रै विषयमा प्रश्न उठाइएको छ । बुटवल उप-महानगरपालिकाको बजेट खर्चबारेमा पनि महालेखा परीक्षकको कार्यालयले बुँदागत प्रश्न उठाएको प्रतिवेदनमा हेर्न सकिन्छ ।

# इनरह्वील क्लब अफ बुटवलको अध्यक्षमा ज्ञवाली चयन




बुटवल । इनरह्वील क्लब अफ बुटवलको अध्यक्षमा सम्झना ज्ञवाली चयन भएकी छन् । आइतबार क्लबको २२औं पद हस्तान्तरण कार्यक्रममा वर्ष २३/२४ का अध्यक्ष सानु श्रेष्ठले वर्ष २४/२५का अध्यक्ष ज्ञवालीलाई पद हस्तान्तरण गरेकी हुन् ।

क्लबको आइपीपीमा सानु श्रेष्ठ, प्रथम उपाध्यक्ष बुलबुल श्रेष्ठ, द्वितीय उपाध्यक्षमा लिना श्रेष्ठ, सचिवमा विश्व श्रेष्ठ, कोषाध्यक्षमा मनिला श्रेष्ठ, आइएसओ गीता थापा, इडिटरमा शुकमाया ध्वजु चयन भएका छन् ।

यस्तै सह सचिवमा गङ्गा श्रेष्ठ, सह कोषाध्यक्षमा अनिता श्रेष्ठ र एक्जुकेटिभ मेम्बरहरूमा सोनाली गुरुङ, रुपा भण्डारी, निर्मला श्रेष्ठ र अम्बिका लम्साल चयम भएका छन् । यस्तै सल्लाहकारहरूमा राधिका गुरुङ, मञ्जु श्रेष्ठ, यमुना श्रेष्ठ र लक्ष्मणप्रसाद ज्ञवाली चयन भएका छन् ।

पदस्थापन कार्यक्रममा बोल्दै इनरह्वील डिस्ट्रिक्ट ३५० नेपालका डिस्ट्रिक्ट चेयरमेन आशा श्रेष्ठले महिलाहरूलाई एकताबद्ध बनाउँदै महिलाहरूको क्षमता विकासमा इनरह्वीलले काम गर्दै आएको बताइन । कार्यक्रमको प्रमुख अतिथि समेत रहेकी उनले क्लबहरूप्रति गरिने व्यवहार परिवर्तन गरिनु आवश्यक रहेको तर्क गरिन ।

कार्यक्रममा बुटवल उप-महानगरपालिका उप-प्रमुख साबित्रादेबी अर्यालले क्लबको माध्यममार्फत् नेतृत्व विकास भइरहेको देख्दा खुसी लागेको बताइन । महिलाहरू अनिवार्य आम्दानी सँग जोडिनुपर्ने बताउँदै हरेक कार्य गर्दा आफ्नो आम्दानी भएमा महिलाहरूलाई सहज हुने भएकोले बुटवल उप-महानगरपालिकाले तालिमलगायतका कामहरू गर्दै आएको बताइन् ।

कार्यक्रममा रोटरी क्लब अफ बुटवलका वर्ष २४/२५का अध्यक्ष प्रज्वलन थान्जु, इनरह्वील क्लब अफ तिलोत्तमा वर्ष २४/२५का अध्यक्ष सीता चालिसे, इनरह्वील क्लब अफ बुटवलका पूर्व अध्यक्ष मञ्जु श्रेष्ठ लगायतले बोलेका थिए । कार्यक्रममा वर्ष २३/२४का अध्यक्ष सानु श्रेष्ठले आफ्नो कार्यकालमा सञ्चार क्षेत्रबाट सहयोग गरेको भन्दै लुम्बिनी पत्रिकाका अनलाइन कोर्डिनेटर प्रदीप आचार्य तथा बुटवल एफएमका झबिन्द्र देवकोटालाई नगद सहित सम्मान गरेकी थिइन ।

उनले पूर्व अध्यक्ष तथा कार्यसमितिलाई सम्मान गर्नुका साथै विपन्न एकल महिला रविकुमारी ठकुरीलाई नगद सहयोग प्रदान गरेकी थिइन । कार्यक्रमको सञ्चालन वर्ष २३/२४का सचिव सोनाली गुरुङ र वर्ष २४/२५ का सचिव विश्व श्रेष्ठले गरेका थिए ।

# मौद्रिक नीति केही क्षेत्र लक्षित भए पनि सकारात्मक : बुटवल उवा



बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीति निजी क्षेत्रका लागि सकारात्मक रहेको प्रतिक्रिया दिएको छ । संघले एक विज्ञप्ति जारी गर्दै नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८१/०८२ का लागि ल्याएको मौद्रिक नीति सकारात्मक रहेको बताएको हो ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालद्वारा जारी गरिएको विज्ञप्तिमा 'अर्थतन्त्रको उल्लेख्य वृद्धि हुन नसकेको, निजी क्षेत्रको उत्साह तथा विश्वासमा सुधार हुन नसकेको अवस्थामा केही क्षेत्रलाई लक्षित गर्दै ल्याइएको मौद्रिक नीतिलाई सकारात्मक रुपमा लिएका छौं ।' भनिएको छ ।

संघका अनुसार बैकिङ्ग क्षेत्रमा तरलता अधिक भएको अवस्थामा कर्जाको माग वृद्धिको लागि संस्थागत शेयर धितो कर्जामा २० करोडको सीमा हटाइएको, २ करोडसम्मको लघु घरेलु, साना तथा मझौला उद्योग, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दर २ प्रतिशतभन्दा बढी प्रिमियम थपेर व्याजदर निर्धारण गर्न नपाउने । यस प्रकारको व्यवस्थाले साना व्यवसायी कर्जा बिस्तार हुने देखिन्छ । व्याजदर स्थिरताको लागि व्याजदर कोरिडोरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत मा कायम गर्ने र नीतिगत दर ५.५ प्रतिशत बाट ५प्रतिशतमा कायम गर्ने बुँदाले व्याजदर स्थिरताका साथै नीतिगत लचकता अपनाएको अध्यक्ष अर्यालले बताए ।

लघु, घरेलु तथा साना एवं मझौला उद्यमको लागि तोकिएको १ करोडसम्मको सीमालाई पुनरावलोकन गर्ने व्यवस्थाले साना व्यवसायीहरुमा पुँजी बिस्तार हुनुको साथै ऋण लगानी बिस्तार भै आर्थिक क्रियाकलाप बिस्तार हुने अध्यक्ष अर्यालले जनाए ।

चेकलाई थप विश्वासिलो बनाउने प्रबन्ध मिलाउँदै, चेक अनादरलाई मात्र आधार मानी कालो सूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुने गरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्ने व्यवस्थाले व्यवसायीहरुमा व्यवसायिक सहजता हुने अध्यक्ष अर्यालले जानकारी दिए । व्यवसायिक शिक्षालाई प्रोत्साहन गर्न चिकित्सा, इञ्जिनियरिङ्ग, सूचना प्रविधि, एकाउन्टिङ्ग जस्ता व्यवहारिक शिक्षा आर्जनका लागि ऋण उपलब्ध गराउन सहजीकरण गर्ने साथै वैदेशिक रोजगारमा जानेहरुलाई बिनाधितो ऋण उपलब्ध गराउने जस्ता व्यवस्थाले युवा पलायनमा थप सहयोगी हुने अध्यक्ष अर्यालले बताए ।

कृषि उपजको धितोमा सहज कर्जा प्रवाह हुने व्यवस्थाले व्यवसायिक कृषकलाई फाइदा पुग्ने, लघुवित्तको व्याजदर पुनरावलोकन तथा ऋणिहरुलाई कर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्थाले लघुवित्त क्षेत्रमा सहजता ल्याउने, वस्तु आयातमा विद्यमान सटही सुविधामा वृद्धि गर्ने व्यवस्था भएता पनि नेपाल भ्रमणमा आउने विदेशी वा भारतीय पर्यटकले ल्याउन पाउने अधिकतम नगद रकमको सीमा पनि बिस्तार गर्न सके पर्यटन क्षेत्र थप बिस्तार हुने अध्यक्ष अर्यालले जनाए ।

निर्माण व्यवसायीलाई सावा व्याज तिर्ने म्याद थप, कालो सूचीमा पनि नपर्ने व्यवस्थाले उक्त क्षेत्रमा देखिएको निराशामा कमी आई निर्माण क्षेत्र बिस्तार हुने र चालु पुँजी कर्जा नीतिअनुसार विश्लेषण गरी कर्जा समायोजन गर्नुपर्ने समय १ वर्ष थप गर्ने व्यवस्थाले निष्क्रिय कर्जाको वर्गीकरण र पुनर्तालिकिरणको व्यवस्थाले उक्त क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अध्यक्ष अर्यालले बताए ।

# तुलसीपुरसहित दाङका चार पालिका एकै ठाउँमा



**लुम्बिनी संवाददाता**

*दाङ*

दाङका चार स्थानीय तहले विकासका लागि एकै ठाउँ उभिने निर्णय गरेका छन् ।

तुलसीपुर उप-महानगरपालिका, दंगिशरण, शान्तिनगर र बबई गाउँपालिकाले विकासकालागि सहकार्य गर्ने निर्णय गरेका हुन् । तुलसीपुर उपमहानगरको अगुवाइमा बसेको चारवटा पालिकाको बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २६ बमोजिम तुलसीपुरका नगरप्रमुख टीकाराम खड्काको संयोजकत्वमा दंगिशरणका अध्यक्ष शम्भु गिरी, शान्तिनगरका अध्यक्ष प्रमोद बस्नेत र बबईका अध्यक्ष कुलबहादुर केसी सदस्य रहेको अन्तरपालिका समन्वय समिती गठन गरेको तुलसीपुर उमहानगरका प्रेस संयोजक गणेश आचार्यले जानकारी दिए । समन्वय समितिको सदस्य सचिवमा तुलसीपुर उप-महानगरका प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्रबहादुर डाँगी छन् । तुलसीपुरदेखी पश्चिम क्षेत्रको विकासका लागि चारवटा पालिकालाई एकैठाउँमा उभ्याइएको तुलसीपुरका नगर प्रमुख खड्काले बताए। साथै समन्वय समितीको पहिलो बैठकले चारवटा पालिकामा आवश्यक विकासका लागि हातेमालो गरेर अघि बढ्ने निर्णय गरेको छ ।

बैठकले टरीगाउँ विमानस्थल बिस्तारका लागि भदौको पहिलो साता एमालेका महासचिव शंकर पोखरेल र नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिपक गिरीसहितको सहभागितामा प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाउने निर्णय समेत गरेको छ ।

त्यसैगरी, आगलागी नियन्त्रणका लागि अत्याधुनिक प्रविधिको दमकल खरिदमा साझेदारी गर्ने, तुलसीपुरमा अत्याधुनिक बधशाला निर्माणमा सहकार्य गर्ने र तुलसीपुर, दंगिशरण, शान्तिनगर बबइको जिला भञ्याङ्ठुटी हुँदै पूर्व पश्चिम राजमार्गको ठुरे जोड्ने सडक निर्माण तथा स्तरोन्नतिका लागि प्रदेश र संघीय सरकारसँग माग गर्ने निर्णय पनि गरिएको छ । बैठकमा दंगिशरण, शान्तिनगर र बबइका उपाध्यक्ष र प्रमुश प्रशासकीय अधिकृतले समेत साझा मुद्दामा एक भएर जानुपर्ने धारणा राखेका थिए ।

HYDRABADI
DUM BIRYANI
Quality Lasi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com